# प्रतापपुर गाउँपालिकाको कार्यालय

## नवलपरासी

**सौम्य सिलबन्दी बोलपत्र सम्बन्धी १५ दिने सुचना**
**प्रथम पटक प्रकाशित २०७९/०४/१**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रतापपुर गाउँपालिकाको आर्थिक ऐन,२०७५ अनुसार यस प्रतापपुर गाउँपालिकाको अधिकार क्षेत्र तथा भोग चलनमा रहेको प्रतापपुर गाउँपालिका वार्ड नं.१ अन्तरगतका तपसिल बमोजिमको सार्वजनिक माछा पोखरी ठेक्का आ.व.०७९/०८० देखि आ.व. ०८१/०८२सम्म (मिति २०७९/०४/०१ गते देखि २०८२ साल असार मसान्त सम्म) ३ वर्षको र जमुनिया साप्ताहिक हाट बजारको आ.व.०७९/०८० देखी ०८०/०८१ सम्म ( मिति २०७९/०४/०१ गते देखि २०८१ साल असार मसान्त सम्म) १वर्षको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले निम्न शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न हुन इच्छुक व्यक्ति तथा संघ संस्था सबैको जानकारीको लागि यो १५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | आय ठेक्काको नाम | पोखरी रहेका स्थान | न्युन्तम अंक रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जमुनिया माछा पोखरी बाटो छेउ | जमुनिया | २५,४०० | ३ वर्ष |
| २ | भिट्ठा माछा पोखरी | भिट्ठा | ३,२५,००० | ३ वर्ष |
| ३ | सिसहनिया माछा पोखरी | सिसहनिया | २५,१०० | ३ वर्ष |
| ४ | पनमतिया माछा पोखरी | उचमीटाँडी | १०,००० | ३ वर्ष |
| ५ | जमुनिया माछा पोखरी खेतको | जमुनिया | २५,००० | ३ वर्ष |

| क्र.सं. | आय ठेक्काको नाम | स्थान | न्यन्तम अंक रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जमुनिया साप्ताहिक हाट बजार | जमुनिया | ७२,००० | १ वर्ष |

**शर्तहरु**

१. बोलपत्र पेश गर्ने व्यक्तिले आफुले कबोर गरेको अंकको ५% धरौटी बापत रकम बोलपत्र फारम साथ राख्नु पर्ने छ ।

२. बोलपत्र फारम रु. २५०/- फिर्ता नहुने गरि मिति २०७९/०४/ १गते देखी २०७९/०४/१५ गते सम्म कार्यालय समय भित्र प्रतापपुर गाउँपालिका कार्यालय प्रतापपुर वा १ नं. वडा कार्यालय गोपिगन्जबाट प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र फारममा कुन ठेक्का लिने हो उक्त आय ठेक्काको नाम अनिवार्य लेख्नु पर्नेछ ।

४. सुचना प्रकाशित भएको १५औं दिन (मिति २०७९/०४/१५ गते) दिउसो ४ बजे सम्म बोलपत्र फारम प्रतापपुर गाउँपालिका कार्यालय प्रतापपुर वा १ नं.वडा कार्यालय गोपिगन्जमा दर्ता गराई सक्नु पर्नेछ ।

५. बोलपत्र फारम सुचना प्रकाशित भएको १५औं दिन (मिति २०७९/०४/१५गते) दिउसो ४ बजे बोलपत्रदाता, कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । सो दिन बोलपत्रदाता आफै उपस्थित हुनु पर्नेछ, उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र खरिद गर्ने अन्तिम दिन, पेश गर्ने, खोल्ने दिन कुनै कारणवश बिदा परेमा क्रमश: कार्यालय खोलेको दिन म्याद कायम हुनेछ ।

७. बोलपत्रदाता कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपले लेख्नु पर्नेछ ।

८. परेको बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले ७ दिन भित्र कबोल गरेको सम्पुर्ण रकम एकमुष्ट जम्मा गरि पट्टा चलन पुर्जी लिई सक्नु पर्नेछ । अन्यथा राखेको धरौटी रकम गाउँपालिकाले जफत गरि अर्को व्यवस्था गर्नेछ ।

९. अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको कबोल रकम मान्य हुनेछ ।

१०. पर्न आएको बोलपत्रमा स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा सुरक्षित हुनेछ ।

११. अन्य थप जानकारीको लागि प्रतापपुर गाउँपालिका कार्यालय प्रतापपुर वा १ नं.वडा कार्यालय गोपिगन्जमा सम्पर्क गर्न सक्नु हुनेछ ।